# त्रिशुली जलविद्युत कम्पनी लिमिटेड

बनस्थली, काठमाडौं, नेपाल


पत्र संख्या २०८३/८४ च. नं. १०६ मिति २०८३/०६/०४

श्री नेपाल धितोपत्र बोर्ड,खुमलटार,ललितपुर।
श्री नेपाल स्टक एकस्चेन्ज लिमिटेड, भद्रकाली,काठमाडौँ।
श्री सि.डि.एस.सी. लिमिटेड, पुतलीसडक ,काठमाडौँ।
श्री कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँ।

**विषय: विनाशकारी बाढी पश्चात कम्पनीद्वारा निर्माणाधिन आयोजनाको अवस्थाको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा त्रिशुली जलविद्युत कम्पनी लिमिटेडद्वारा निर्माणाधीन माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना (३७ मे वा) नुवाकोट जिल्लाको किस्पांग गाउँपालिका-५, सिरुपानीमा तिब्बतबाट भोटेकोशीमा मिति २०८३/०५/१० मा आएको विनाशकारी बाढीका कारण यस कम्पनी, यस कम्पनीका परामर्शदाता,यस कम्पनीका निर्माण व्यवसायीहरुका कर्मचारी/कामदार तथा केहि परिवार सदस्यको अवस्था अज्ञात रहेको र भवनहरु पुरिएको अवस्थामा रहेकोले मिति २०८३।०५।१० बाट नै उद्धारको लागि पहल भई मिति २०८३।०५।१४ बाट तहाँ उत्खनन कार्य भइरहेको छ। हालसम्म कार्यालय भवन(ओ) र आवासिय भवन बी१, बी२, ए१, ए२ र डि उत्खनन भईसकेको छ। तहाँ उत्खनन गर्दा कार्यालय र आवसिय भवन फेला नपरेको साथै केहि फलामका टुक्रा, केहि बाहिरबाट बगाएर ल्याएका ठुला ठुला ढुगां, क्षतविक्षत अवस्थामा रहेका कंक्रिट लगायतका वस्तु मात्र फेला परेको थियो। साथै, तहाँ रहेका सवारी साधान तथा अन्य उपकरणहरु पनि बगाएर लगेको, हेडपोण्ड र एप्रोच प्रेसर कन्ड्युट र पावरहाउस क्षेत्रमा समेत सबै बगाएर लगेको र ठुला ठुला ढुंगा ल्याएर राखेको अवस्था छ भने टनेलमा आंशिक क्षति भएको अवस्था रहेको छ। हालसम्म पनि तहाँ नेपाली सेना तथा कम्पनीको तर्फबाट खोजि तथा उद्धारको लागि उत्खनन लगायतका कार्य भईरहेको अवस्था छ। उत्खनन कार्य करिब अन्तिम चरणमा रहेको समेत जानकारीको लागि अनुरोध छ।

कम्पनीका करार कर्मचारी २१ जना परिवार ६ जना , परामर्शदाताका १८ जना , ठेकेदार कम्पनी एचएनएसी - जियाङ्हे जे.भि. का ७ जना र ठेकेदार कम्पनी फेवा कन्सट्रक्सन लिमिटेडका १३३ जना गरि जम्मा १८५ जना सम्पर्कविहिन रहेकोमा ६ जनाको मात्र शव प्राप्त भएको र अन्य १७९ जना अधिकांश कर्मचारी तथा कामदारको अवस्था अज्ञात रहेको व्यहोरा अनुरोध छ। साथै, निर्माणाधिन आयोजनामा गरिने **Contractor's All Risk** बीमा तथ **Erection All Risk** बीमा, सवारी साधनको बीमा, भवनको बीमा, कर्मचारीको सामुहिक दुर्घटनाको बीमा चालु अवस्थामा रहेको समेत जानकारीको लागि अनुरोध छ।

२०८३।६।०४

(लिला कुमारी अर्याल)
कम्पनी सचिव

**बोधार्थ:-**

१. श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं।
२. नेपाल दुरसंचार कम्पनी लिमिटेड, भद्रकाली प्लाजा, काठमाडौं।
३. श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड,नक्साल, काठमाडौं।